आज मिति २०७८।०४।०७ गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति DCMC (District Covid Management Committee) को बैठक बसी देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री कृष्णबहादुर शाही, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजंग थापा, श्री नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेश कुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप-अनुसन्धान निर्देशक, श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

प्रमुख मेडीकल सुपरीटेन्डेन्ट डा., श्री टंकप्रसाद बारकोटी, मेची अस्पताल, झापा

नि. जिल्ला समन्वय अधिकारी, श्री कृष्णबहादुर कार्की, जिल्ला समन्वय समितिको कार्यालय, झापा

आमन्त्रित

नि. कार्यालय प्रमुख, श्री योगराज घिमिरे, स्वास्थ्य कार्यालय, झापा

अधिकृत, श्री इश्वरी प्रसाद पौडेल, स्वास्थ्य कार्यालय, झापा

सभापती, श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

स्वास्थ्य अधिकृत, श्री जीवन चौलागाई, स्वास्थ्य कार्यालय, झापा

अध्यक्ष, टीकाराज ढकाल, प्रदेश उद्योग वाणिज्य संघ प्रदेश नं १

अध्यक्ष, हरी गौतम, गै.स.स. महासंघ, झापा

निर्णयहरु:-

कोभिड-१९ को संक्रमणको जोखिम यस जिल्लामा रहिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४, संक्रमण रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।४।८ देखि मिति २०७८।४।१४ गते सम्म झापा जिल्लाभर देहाय अनुसार निशेधाज्ञा जारी गर्ने ।

देहाय :-

१. सर्वसाधारणका लागि:-

क. कुनै पनि कामका लागि घरबाट बाहिर निस्कदा अनिवार्य मास्कको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने र भिडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने ।

ख. हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।

ग. Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको Isolation Center मा सम्पर्क राख्ने ।

२. <u>कार्यालय सञ्चालन सम्बन्धमाः-</u>

क. सरकारी, सार्वजनिक संस्थान, वीमा लगायतका कार्यालयहरुले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी/गराई भिडभाड नहुने गरी सेवा प्रवाह गर्ने ।

३. <u>बैंक/वित्तीय संस्था सम्वन्धमाः-</u>

क. बैक तथा वित्तिय संस्थाहरुले बैंकिङ्ग कारोबार स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी/गराई सञ्चालन गर्ने ।

४. <u>पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः-</u>

क. औपधी र स्वास्थ्य सामाग्री, ईन्धन (पेट्रोल/डिजल स्टेसन, LP Gas) बाहेक अन्य पसल तथा व्यवसाय (खाद्यान्न, फलफुल, तरकारी, माछामासु, दुध डेरी, पुस्तक, हार्डवेयर तथा निर्माणजन्य सामाग्री, ईलेक्ट्रोनिक, टेलरिङ्ग, ड्राईक्लिनर्स, लत्ताकपडा, जुत्ता चप्पल, सुनचाँदी, कस्मेटीक, भाँडा, गाडी/मोटरसाईकल शोरुम, प्लास्टिक तथा मेसीनरी, फर्निचर) विहान ६:०० बजे देखि वेलुका ७:०० बजे सम्म सञ्चालन गर्न पाईने । माथि उल्लेखित पसलहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, सो को प्रभावकारी अनुगमन सम्वन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय प्रहरी ईकाईहरुले गर्ने ।

ख. होटल तथा रेष्टुरेन्टहरुले वेलुका ७:०० बजे सम्म सामाजिक दुरी तथा स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी सञ्चालन गर्न पाईने । वेलुका ७:०० बजे पछि टेक अवे सेवा मात्र सञ्चालन गर्न पाईने ।

ग. मलखाद, विउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार लगायत कृषि सम्वन्धी पसल स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी विहान ६:०० बजे देखि वेलुका ७:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

घ. मोटर वर्कशपहरुले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी विहान ६:०० बजे देखि वेलुका ७:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

ङ. औषधी पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।

च. सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

५. <u>सवारी साधन सञ्चालन सम्बन्धमाः-</u>

क. सबै प्रकारका सार्वजनिक तथा निजी सवारी साधनहरु स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी संचालन गर्न पाइने ।

ख. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३७ मिति २०७८/०४/०५ को पत्रबाट यातायात संचालन गर्न आवश्यक सहजिकरण गर्नु हुन भनि लेखि आए बमोजिम लामो तथा मध्यम दुरीका सार्वजनिक यातायात स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी संचालन गर्न पाइने ।

ग. सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्दा स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

१. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

२. यात्रुहरुले माक्सको अनिवार्य प्रयोग गरेको हुनुपर्ने,

३. सवारी साधनको ढोकामा स्यानीटाईजरको व्यवस्था हुनुपर्ने,

४. चालक, सहचालक र सहयोगीले अनिवार्य माक्स, भाईजर र पन्जा लगाउनु पर्ने,

५. सवारी साधन अनिवार्य रुपमा दैनिक निसंक्रमित गर्नुपर्ने ।

घ. माथि उल्लेखित व्यवस्थाको प्रभावकारी अनुगमन ट्राफिक प्रहरी/सुरक्षा निकायले गर्ने ।

६. <u>सीमा नाका सम्बन्धमाः-</u>

क. सीमा नाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न काँकडभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी आवत जावत गर्न दिइने ।

ख. काँकरभिट्टा नाका बाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पुर्ण रोक लगाउने ।

ग. काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई सम्वन्धित स्थानीय तहसंग आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने ।

क. <u>सभा सम्मेलनको हकमाः-</u> सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने।

७. कोरोना संक्रमण दर वृद्धि भएमा जोखिमको अवस्था हेरि आवश्यकता अनुसार पालिकाहरुले आफ्नो निश्चित क्षेत्र वा पालिका शिल गर्न सक्ने ।

८. बुद्धशान्ति गाउँपालिकाको च.नं. ४१ मिति २०७८/०४/०५ गतेको पत्रानुसार उक्त पालिका स्तरिय आर.आर.टि. समितिको मिति २०७८/०४/०४ गते बसेको बैठकको निर्णय अनुसार बुद्धशान्ति गाउँपालिका मिति

२०७८/०४/०५ गते देखि मिति २०७८/०४/१२ गतेसम्म उक्त पालिका भर गरिएको शिल गर्ने निर्णयलाई अनुमोदन गर्ने।

९. नेपाल रेडक्रस सोसाईटी, झापा जिल्ला शाखा अर्न्तगत संचालित काँकरभिट्टा नाका लक्षित कोभिड-१९ प्रतिकार्य कार्यक्रम अर्न्तगत संचालित पिउने पानी, शौचालय, स्तनपान केन्द्र सहितको होल्डीङ्ग सेन्टर तथा नाका क्षेत्रमा रहेको हेल्प डेक्सहरु मार्फत लगेज निसंक्रमण कार्य, निशुल्क माक्स वितरण तथा सेनिटाजेसन कार्यले यात्रुहरुलाई सुरक्षित गन्तव्य पहुँचमा टेवा पुगेको तथा स्वयंसेवक परिचालन मार्फत अभिलेखिकरण कार्यले स्थानिय सुरक्षा निकायलाई सहयोग पुगेको कार्यको उच्च कदर गर्दै नेपाल रेडक्रस सोसाइटी झापा शाखालाई धन्यवाद दिने ।

१०. एन्टिजिन परिक्षण तथा स्क्रिनिङ्ग सेवालाई प्रभावकारी बनाउन नेपाल रेडक्रस सोसाइटी झापा शाखाले सहकार्य गर्ने। इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा काँकरभिट्टा हेल्प डेक्स झापाद्वारा हेल्थ हेल्प डेक्सले एन्टिजिन परिक्षण तथा स्कनिङ्ग सेवालाई प्रभावकारी बनाउनका लागि ल्याब टेक्निसियन प्राविधिक ४ जना सहयोग माग गरे बमोजिम सोका लागि नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय मार्फत स्वीस रेडक्रसलाई अनुरोध गर्ने तथा मेची अस्पताल भद्रपुर र मेचीनगर स्वास्थ्य केन्द्र धुलाबारीमा निशुल्क माक्स तथा सेनीटाइजर सेवा संचालन गर्नका लागि नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखालाई हेल्थ डेक्स राख्न अनुरोध गर्ने ।